# भाग ४

## नेपाल अधिराज्यका
## महालेखा परीक्षकको विभागको

### सूचना १

महालेखा परीक्षकले श्री ५ को सरकारको स्वीकृतिमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणीका उपमहालेखा परीक्षक पदमा सोही सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका नायब महालेखा परीक्षक श्री भद्रेश्वरप्रसाद उपाध्यायलाई २०६१।११।४ देखि जेष्ठता कायम हुने गरी बढुवा गरी यस विभागमा पदस्थापन गरेको छ।

### सूचना २

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिशमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा सोही सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणीका लेखापरीक्षण अधीक्षक श्री शंकरप्रसाद पन्थालाई मिति २०६१।११।१८ देखि लागू हुने गरी बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ।

### सूचना ३

महालेखा परीक्षकले लोकसेवा आयोगको सिफारिशमा महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० बमोजिम चितवन, खैरहनी-९ बस्ने श्री रामचन्द्र पौडेललाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा मिति २०६१।११।१९ देखि लागू हुने गरी नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ।

आज्ञाले,
प्रचन्द्रलाल झा
उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।